**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड:०१ | संख्या:०९ | मितिः २०७५/०३/२० |

**भाग-१**

**विराटनगर महानगरपालिका**

नगरसभाले मितिः २०७५।०३।१२ मा पारित गरेको "**विराटनगर महानगरपालिकाको आर्थिक ऐन, २०७५**"

# विराटनगर महानगरपालिका
## आर्थिक ऐन २०७५

**प्रस्तावना:**

विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा (२२६) को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) बमोजिम यो ऐन बनाइएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ:** यस ऐनको नाम " विराटनगर महानगरपालिका आर्थिक ऐन, २०७५" रहनेछ । यी दरहरु २०७५ साल श्रावण १ गते देखि विराटनगर महानगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

२) **सम्पति कर** : विराटनगर महानगरपालिका क्षेत्र भित्र रहेका सम्पतिकर करदाताहरुलाई अनुसुचि (१) बमोजिम आ.व. २०७५/०७६ मा सम्पतिकर असुल उपर गरिनेछ ।

३) **भुमिकर(मालपोत)** : विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेका मालपोत करदाताहरुमा अनुसूची (२) बमोजिम आ.व.२०७५/०७६ भूमिकर(मालपोत) असुल उपर गरिनेछ ।

४) **घर बहाल कर :** विराटनगर महानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति, संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले बहालको आम्दानीमा अनुसुची (३) बहाल कर लगाइने छ ।

५) **व्यवसाय कर :** विराटनगर महानगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय, वा सेवामा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६) **सवारी साधन कर** : विराटनगर महानगरपालिका क्षेत्र भित्र ठेगाना भएका सवारी साधनमा अनुसुचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

७) **विज्ञापन कर** : विराटनगर महानगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुचि (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

*८) **हाटबजार कर** : विराटनगर महानगरपालिका क्षेत्र भित्र लाग्ने अस्थायी सप्ताहिक हाटबजार तथा घुम्ति पसलबाट अनुसुचि (७) बमोजिम हाटबजार अस्थायी व्यवसायकर लगाइने छ ।*

*९)* **जडिबुटी,कवाडी र जिवजन्तु कर :** विराटनगर क्षेत्रभित्र कुनै ब्याक्ति वा संस्थाले ऊन,खोटो,जडिवुटी,कवाडीमाल र निषेधित जिवजन्तु वाहेकका अन्य मृत वा मारिएको जिवजन्तुहरुको हाड,सिङ,छाला जस्ता वस्तुको ब्यवसायिक कारोवार गरे वापत अनूसुची (८) बमोजिमको कर लगाएर असुल उपर गरिन्छ ।

१०)मनोरन्जकर:विराटनगर महानगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरन्जन ब्यवसाय अनुसुची(९) वमोजिम मनोरन्जनकर लगाई असुल उपर गरिनेछ ।

११) परामर्शदाताले पेश गरेको प्रस्तावित मासिक ढल निकास महशूल दर (sewerage Tariff Structure) उपर नगर विकास कोषबाट गरिएको वित्तीय मुल्याङ्कनको सूझाव एवं यस नगर क्षेत्रभित्रका परियोजनाबाट लाभान्वित उपभोक्ताहरुसंग भएको छलफल तथा नगर स्तरीय राजस्व परामर्श समितिको सिफारिसका आधारमा आ.व.०७४/०७५ मा अनुसुची १० पारित दरलाई आ.व.०७५/०७६मा निरन्तरता दिने निर्णय गरियो ।

१२) **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन । तर नेपाल सरकारका भवनहरु, विराटनगर महानगरपालिका, सरकारी वा सामुदायिक विद्यालय तथा सरकारी अस्पताल भवनहरुमा घर जग्गा कर छुट हुनेछ भने, सेवा शुल्क छुट हुनेछैन ।

१३) **कर तथा शुल्क संकलन** : महानगरपालिकाले कर तथा सेवा शुल्क तपसिल बमोजिमका कर,सिफारिस र सेवा शुल्कका आधारमा आन्तरिक आय संकलन गर्नेछ ।

**स्थानीय तहको संचालन तथा व्यवस्थापन सम्वन्धि आदेश,२०७४ अनुसार आ.ब.०७५/०७६ का लागि पारित सिफारिस, सेवा शुल्क तथा दस्तुरमा संशोधित पारित दररेट:**

| क.स. | विवरण | पारित |
|---|---|---|
| १ | वैवाहिक अंगिकृत | ३०० |
| २ | नागरिकताको प्रतिलिपि सिफारिस | ५० |
| ३ | नाता प्रमाणित प्रतिव्यक्ति सिफारिस | ५० |
| ४ | मृत्यू, जन्म, विवाह जस्ता सिफारिस | ३०० |
| ५ | स्थायी बसोबास सम्वन्धि सिफारिस | ३०० |
| ६ | नाम, थर, जन्म मिति संशोधन सिफारिस | ३०० |
| ७ | मोही जग्गा वा अन्य नामसारी सिफारिस | १००० |
| ८ | मोहि लगतकट्टा सिफारिस | १००० |
| ९ | सम्बन्ध विच्छेद सम्वन्धि सिफारिस | ५०० |
| १० | अंश बण्डाको सिफारिस | १००० |
| ११ | पेन्सन कार्ड वा सो सम्वन्धी सिफारिस(नेपालको हकमा) | ५०० |
| १२ | पेन्सन कार्ड वा सो सम्बन्धी सिफारिस( विदेशकोहकमा) | २००० |
| १३ | हकवाला संरक्षण सम्वन्धि सुचना | ५०० |
| १४ | संघ, संस्था दर्ता सिफारिस: | |
| | क. नगर/वडास्तरीय गैर सरकारी संस्था | १००० |
| | ख. जिल्ला स्तरीय गैर सरकारी संस्था | २००० |
| | ग. अन्तराष्ट्रिय गैर सरकारी संस्था | १०००० |
| १५ | व्यवसाय बन्द, संचालन नभएको र व्यवसाय नभएको सिफारिस | ५०० |
| १६ | उल्लेखित बाहेक अन्य कागजको प्रतिलिपी प्रति पेज | २० |
| १७ | उद्योग दर्ता प्लाष्टीक उद्योग,टायर रिसोलिंग उद्योग, केमिकल उद्योग जस्ता प्रदूषण फैलाउने उद्योगहरुको सिफारिस पूंजिका आधारमा (१० लाख सम्म ३ हजार, १० देखि २० लाख सम्म ५ हजार, २० देखि ५० लाख सम्म ७ हजार,५० लाख देखि माथि रु १२ हजार) लाग्नेछ । | |
| १८ | साना तथा मझौला प्रदूषण नफैलाउने जस्ता उद्योगहरुको दर्ता सिफारिस र उद्योग ठांउसारीको सिफारिस | २००० |
| १९ | व्यवसाय कर दर्ता प्रमाणपत्रको नक्कल प्रतिलिपि | ३०० |
| २० | व्यवसाय दर्ताको लगतकट्टाको सिफारिस | ५०० |

| | | |
|---|---|---|
| २१ | दमकलद्वारा आगो निभाए वापत उद्योगको सिफरिस | १०००० |
| २२ | दमकलद्वारा आगो निभाए वापत विदेशी उद्योगहरुको सिफारिस | २०००० |
| २३ | दमकलद्वारा आगो निभाए वापत अन्य फर्महरुलाई | ३००० |
| २४ | घर नक्सापासका लागि निवेदन गरि विद्युत, खानेपानी तथा टेलिफोन जडान जस्ता सिफारिस | ५०० |
| २५ | घर नक्सा नामसारी राजिनामाबाट आएका, भएका : | |
| | क. तिन पुस्ते भित्र नामसारी ( अंशवण्डा, अंशभरपाइ, मृत्यु) प्रति वर्ग फिट | ०।५० |
| | ख. अन्य प्रति वर्ग फिट (वकसपत्र,राजिनामा समेत) | २ |
| २६ | नक्सा पास नभएका कच्ची घरहरुमा विद्युत, खानेपानी तथा टेलिफोन सिफारिस | १००० |
| २७ | १.नक्सा बनाइ सकेका घर तथा व्यवसायहरुमा विद्युत, खानेपानी तथा टेलिफोन सिफारिस | ५०० |
| | २.नक्सा बनाइ सकेका उद्योगका लागि विद्युत, खानेपानी तथा टेलिफोन सिफारिस (३ फेज लाईन) | १५०० |
| २८ | निवेदन दस्तुर | १० |
| २९ | मिलापत्र | ५०० |
| ३० | नक्सा पास भएका घर निर्माण गर्न काठको सिफारिस/काठपात ल्याउने सिफारिस | २००० |
| ३१ | घरबाटो सिफारिस कच्चि बाटो १५००।, ग्राभेल बाटो २०००। र मुख्य तथा सहायक पिच बाटो ४०००।, बैक तथा अन्य प्रयोजनको लागि रु. ५००। | |
| ३२ | न.पा.बाट नेपालीमा गरिएका विभिन्न सिफारिसका अंग्रेजी रुपान्तर | ५०० |
| ३३ | क. विद्यार्थी अध्यायनको विदेशी प्रयोजनका लागि हैसियत प्रमाणित | २००० |
| | ख.महानगरपालिका क्षेत्रभित्रको नेपालीमा सम्पत्ति मूल्यांकन सेवाशुल्क प्रतिसय | ०।१५ |
| | ग. महानगरपालिका क्षेत्रभित्रको अंग्रेजीमा सम्पत्ति मूल्यांकन सेवाशुल्क रु. ७० लाख सम्म | ५००० |
| | घ. महानगरपालिका क्षेत्रभित्रको अंग्रेजीमा सम्पत्ति मूल्यांकन सेवाशुल्क रु. ७० लाख भन्दा माथि | ७००० |
| ३४ | संस्थागत विद्यालय संचालन अनुमति | १०००० |
| ३५ | सामुदायिक विद्यालय संचालन अनुमति | ३००० |
| ३६ | उद्योग ठांउसारी अनुमति | ५००० |
| ३७ | संस्थागत विद्यालय कक्षा थप अनुमति<br>सामुदायिक विद्यालय कक्षा थप अनुमति | ५०००<br>२००० |
| ३८ | अन्तर स्थानिय तह सरुवा/सरुवा सहमति:<br>आउंदा<br>जांदा | <br>३०००<br>१५०० |
| | | |
| ३९ | आन्तरिक सरुवा/सरुवा सहमति<br>आउदा | <br>५००० |

| | | |
|---|---|---|
| | जांदा | १००० |
| ४० | शिक्षकको सिटरोल प्रमाणित:<br>आधारभूत तह<br>माध्यमिक तह | <br>५००<br>१००० |
| ४१ | करार शिक्षक नियूक्ति/अभिलेख जनाउने<br>आधारभूत तह<br>माध्यमिक तह | <br>१०००<br>२००० |
| ४२ | संस्थागत विद्यालयको वर्गिकरणको आधारमा वार्षिक कर<br>"क" वर्ग<br>"ख" वर्ग<br>"ग" वर्ग<br>"घ" वर्ग | <br>१०००००<br>६००००<br>३००००<br>१०००० |
| ४३ | संस्थागत विद्यालय गाभ्ने,ठांउसारी,नाम परिवर्तन अनुमति वापत<br>आधारभूत तह<br>माध्यमिक तह | <br>५०००<br>१०००० |

| | | |
|---|---|---|
| ४४ | **भेटेनरी शाखा:**<br>**परिक्षण** | <br>पारित |
| | उपचार | |
| | गाई भैसी | रु.१००।०० |
| | कूखूरा हांस र अन्य पंक्षी | रु.५०।०० |
| | भेडा बाख्रा बंगूर र खरायो | रु.५०।०० |
| | कूकूर बिरालो | रु.२००।०० |
| | हात्ती घोडा बांदर अन्य वन्यजन्तू | रु.३००।०० |
| | प्रयोगशाला सेवा | |
| | गोबर परिक्षण | रु.१००।०० |
| | **शव परिक्षण** :<br>गाई भैसी<br>भेडा बाख्रा बंगूर<br>पंक्षी<br>कूकूर बिरालो<br>हात्ती घोडा बांदर अन्य वन्यजन्तू | <br>रु२००।०<br>रु१००।०<br>५०।००<br>रु२००।०<br>५००।०० |
| | माईनर सर्जरी सेवा : | |
| | बोका सांढे रांगो सूमार्ने | १००।०० |
| | प्रजनन सेवा | १००।०० |
| | कृत्रिम गर्भाधान सेवा (गाई,भैसी) | २००।०० |
| | गर्भ परिक्षण | गाई भैसी रु५०।०० |
| | अन्य प्रयोगशाला तथा विविध | |
| | एक्सरे रावश्व | रु.१००।०० |
| | अल्ट्रासाउन्ड | रु.२००।०० |
| | मेजर अपरेशन | रु.२००।०० |
| | ब्याक्टेरिया परिक्षण | |
| | माईनर आंपरेशन | रु.१५०।०० |
| | कल्चर सेन्सीटिभिटी | रु.५०।०० |
| | मास्टाईटिस | रु.२५।०० |

**जग्गाको चार किल्ला प्रमाणित:**

| क.स. | विवरण | पारित दर |
|---|---|---|
| १ | १० धुर सम्मको | ३००।०० |
| २ | १ कटठ्ा सम्मको | १०००।०० |
| ३ | १ कटठ्ा देखि ५ कटठ्ा सम्म | १५००।०० |
| ४ | ५कटठ्ा देखि १० कटठ्ा सम्म | २०००।०० |
| ५ | १० कटठ्ा भन्दा माथि | २५००।०० |

**छुट जग्गा दर्ता सिफारिस प्रति कट्ठा:**

| क.स. | विवरण | पारित दर |
|---|---|---|
| १ | १ कट्ठा सम्मलाई | २०००। |
| २ | १ कट्ठा देखि ३ कट्ठा सम्म | २५००। |
| ३ | ३ कट्ठा देखि ५ कट्ठा सम्म | ३५००। |
| ४ | ५ कट्ठा देखि १० कट्ठा सम्म | ५०००। |
| ५ | १० कट्ठा भन्दा माथि | १००००। |
| ६ | नोट:(छुट जग्गाको दर्ताका लागि नगरपालिका बोर्ड बैठक निर्णय अनुसार गर्ने ।) | |

**घरनक्शा:**

| क.स. | विवरण | पारित दर |
|---|---|---|
| १. | घरनक्सा प्रतिलिपि १ सेट | १०००। |
| २. | घरनक्साका अन्य कागजात प्रति पाना नक्कल दस्तुर | २०। |
| ३. | सम्पन्न प्रमाणपत्र प्रतिलिपि (फोटो टांसेको) | ५००। |
| ५. | घरनक्सा निवेदन फायल दस्तुर | १०००। |
| ६. | घरनक्शा पास दस्तुर<br>क.१००० वर्ग फिट सम्म सिमेन्ट जोडाई प्रति वर्ग फिट | ७। |
| | ख.१५०० वर्गफिट सम्म सिमेन्ट जोडाई प्रति वर्ग फिट | १२। |
| | ग.२५०० वर्ग फिट सम्म सिमेन्ट जोडाई प्रति वर्ग फिट | २०। |
| | घ.२५०१ वर्गफिट देखि माथि सिमेन्ट जोडाई प्रति वर्ग फिट | २४। |
| | च.सिमेन्ट जोडाई कम्पाउण्ड प्रति रनिंग फिट | ५। |
| | छ. गिलेवा जोडाई प्रति वर्ग फिट | ५। |
| | ज. काठै काठको घर प्रति वर्गफिट | ५। |
| | ञ. टिनको छानो,सिमेन्ट,ईटा जोडाई प्रति वर्गफिट | ५। |
| | फलामको खम्बाभई टिनको छानो(ट्रष्ट) बाट बनेको घर,प्रिफाव | १०। |
| | म्याद थप दस्तुर: पास भएका घरहरुको म्याद भित्र काम सम्पन्न नभएमा म्याद थप गर्न ५प्रतिशत थप दस्तुर लाग्नेछ। | |
| ७. | नाम संसोधन | ५०। |
| ८. | घरबाटो सिफारिस प्रतिलिपि | ५०। |
| ९. | घरको अवस्था प्रमाणित प्रति वर्गफिट | २। |

**घरपालुवा छाडा चौपाया सम्बन्धमा:**

| सि.न. | विवरण | खोराकी रु. | जरिवाना रु. |
|---|---|---|---|
| १. | रांगा, भैसी | ५०० | २००० |
| २ | गाई, गोरु | ३०० | १५०० |
| ३. | बाखा, खसि | २०० | ८०० |

सार्वजनिक स्थल,तथा बाटोमा घरपालुवा चौपाया छाडा छोडेमा उपरोक्त अनुसार जरिवाना गराईन्छ । सुंगुर बाहेक चौपायाहरुको हकमा पकिएको १० दिन भित्र लिन नआएमा सो चौपायाहरुको लिलाम बिक्रि गरिने छ ।

**विविध:**

| | | |
|---|---|---|
| १ | विरेन्द्र सभागृह : प्रयोग गरेवापत भाडादर प्रतिदिन : राजनैतिक दल<br>संस्थागत<br>व्यवसायिक प्रयोजन<br>प्रतिदिन धरौटीको रुपमा रु. ७०००।० बुझाउनु पर्नेछ । | ६०००।<br>१००००।<br>१५०००। |
| २ | न.**पा.सभाहल भाडा**: महानगरपालिकाको सभाहल प्रयोग गरेवापत भाडा प्रतिदिनको लिईने छ । | ८०००। |
| ३ | कानूनले महानगरपालिकाको अधिनमा रहने गरि परिभाषित गरेको खाली ऐलानी जमिन तथा स्वामित्वमा रहेको जमिन प्रयोग गर्नसक्नेछ ।<br>वडा न.७ हाटखोला खालीजमिन (गुरुकूल पश्चिम)प्रतिदिन<br>ए वा वि प्लट खाली जमिन प्रतिदिन | <br><br>१५००।<br>१०००। |
| ४ | मालपोत चालु आ.व.असार मसान्तभित्रमा वुझाउनु पर्नेछ । अन्यथा प्रत्येक आर्थिक वर्षको दश प्रतिशतका दरले जरिवाना लाग्नेछ । | |
| ५ | **विद्युत तथा खानेपानी महसुल:** विरेन्द्र सभागृह,सभाहल र अन्य स्थानमा कार्यक्रम संचालन गर्दा विजुली खपत गरे वापत प्रति यूनिट रु. १५।०० र खानेपानी महसुल प्रतिदिन रु.१००। का दरले बुझाउनु पर्नेछ । | |
| ६ | **विद्युतिय रिक्सा दर्ता सिफारिस :** नगर क्षेत्रभित्र संचालन हुने ई.रिक्सा तथा टेम्पु दर्ता सिफारिस शुल्क वापत रकम रु. ५०००। बुझाउनुपर्ने छ । | |
| ७. | विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक शौचालय प्रयोग गरे वापत तपसिल बमोजिमको शुल्क असुल गर्ने निर्णय गरियो ।<br>• (लघुशंका)पिसाव गरे वापत प्रति एक पटक प्रति व्यक्ति रु २।<br>• दिर्गशंका गरेको प्रति पटक प्रति व्यक्ति रु. ५। | |

**अन्य:**

| क.स. | विवरण |
|---|---|
| १. | थोक, डिलर, सप्लायर्स, टेन्टहाउस आदि मात्र व्यावसायीलाई निजि भ्यान(सामान बोक्ने) नम्बर दिइने छ । |
| २. | घर जग्गा कर वापत पुराना फायलहरुको हकमा निवेदन दर्ता शुल्क साथै निवेदन फारम वापत दस्तुर लाग्ने छैन । |
| ३. | यस न.पा.को व्यापारीक क्षेत्रमा सडक मापदण्ड मिची सडकमा व्यापारीक सरसामान राखी विक्रि वितरण मर्मत गर्ने व्यावसायीलाई हटाउन सूचना जारी गरिने छ, नहटाउने व्यावसायीको हकमा कानुन बमोजिम कारवाही गर्ने । |
| ४. | सेवा मुलक संचालनमा रहेका शिक्षण सस्थालाई विज्ञापन कर लिईने छैन । |
| ५. | ट्रिपर, ट्रक, ट्रेक्टर लगायत सवारी साधनले सडकमा अव्यवस्थित पार्किङ गरे वापत पहिलो पटक जरिवाना रु २०००। देखि रु ५०००। सम्म र दोस्रो पटक देखि दोब्बर जरिवाना लाग्नेछ । |
| ६. | प्रति ठेला(फास्टफूड) कारवाहीमा रु ३००। देखि रु ४००। सम्म तिर्नु पर्ने छ । |
| ७. | प्रति रिक्सा सिट कारवाहीमा रु १०० देखि रु २००। सम्म तिर्नु पर्ने छ । |
| ८. | गैर कानुनी रुपमा संचालित रिक्सा तथा ई. रिक्सा कारवाहीमा रु ३००। देखि रु ५००। सम्म तिर्नु पर्ने छ । |
| ९. | फुटपाथमा ढकी कारवाहीमा रु ३००। देखि रु ४००। सम्म तिर्नु पर्ने छ । |
| १०. | ढक तराजु कारवाहीमा रु २००। देखि रु ४००। सम्म तिर्नु पर्ने छ । |
| ११. | कपडा,पाइप आदी कारवाहीमा रु ४०० देखि रु ६००। सम्म तिर्नु पर्ने छ । |
| १२. | घरधनीले घर अगाडि फूटपाथ पसलेलाई भाडामा पसल गर्न दिएमा रु. ५००। देखि ७००। सम्मा जरिवाना गर्न सकिने छ । |
| १३. | उपरोक्त सिफारिसमा नपरेका अन्य सिफारिसहरु रु. ५००।०० दस्तुर लिई सिफारिस प्रदान गर्ने । |
| १४. | नोट: फुटपाथमा पक्राउ गरि ल्याईएका सामान (१५ दिन) सम्म पनि सम्वन्धीत धनी उपस्थित भई नियमानुसार छुटाई नलगेमा लिलाम गर्न सकिने छ । |

## अनुसूची १

ऐनको दफा (२) संग सम्बन्धित महानगरपालिकाले आ.व. २०७५/०७६ का लागि तपसिल बमोजिमको आधारमा सम्पतिकर संकलनका लागि दररेट प्रस्ताव गरिएको छ ।

| सि.न. | सिलिङ्ग मुल्यांकन | मूल्यांकनका आधारमा तोकिएको करका दर |
|---|---|---|
| १ | ३० लाख सम्म | १० लाख सम्म रु.१००<br>२० लाख सम्म रु२००<br>३०लाख सम्म रु४०० |
| २. | त्यसपछिको थप रु २० लाख सम्म | ०.०५ प्रतिशत |
| ३ | त्यसपछिको थप रु ५० लाख सम्म | .१० प्रतिशत |
| ४ | त्यसपछिको थप रु १ करोड सम्म | .४० प्रतिशत |
| ५ | त्यसपछिको जतिसुकै रुपियां भएपनि | .६० प्रतिशत |
| | | |

द्रष्टब्य: टुटफुट कट्टिको हिसाव गर्दा घट्दो मूल्यको आधारमा गरिनेछ ।

| सि. न. | घरको विवरण | निर्धारण गरिएकोकरका दर रु. | प्रति वर्ष टुटफुट कटृ दर प्रतिशत | कटृ गर्ने जम्मा वर्ष |
|---|---|---|---|---|
| १. | भित्र कांचो वाहिर पाको ईटामा माटो जोडाई भएको वा काठै काठवाट बनेको र जस्ता,झिगटी,टायल,एसवेस्ट्सको छाना भएको घर | ५०० | ३ | २५ |
| २. | भित्र वाहिर पाको ईटा वा ढुगांमा माटोको जोडाई भई भित्र वाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलान( आर.सि.सि. वा आर.वि.सि.) गरिएको वा जस्ता,टायल, झिगटी,टायल,एसवेस्ट्सको छाना भएको घर | ६५० | २ | ३० |
| ३. | भित्र वाहिर पाको ईटा वा ढुगांमा सिमेन्ट प्लास्टर गरि छाना ढलान( आर.सि.सि. वा आर.वि.सि.)गरिएको घर | १५०० | १ | ७० |
| ४. | आर.सि.सि. फ्रेम स्टक्चरमा लिफ्ट/एस्कालेटर जडान भएको घर | २००० | .७५ | १०० |
| ५ | स्टील फ्रेम स्ट्रक्चर, फविडट्स, फाईवर वा यस्तै संरचना । | १६०० | .७५ | १०० |

१.ख. कांचो ईटा वा माटोको गारो वा बांस काठको टाटि भै फुस,छ्वाली,खर,पराल र जस्ता वा टीनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्यांकन गरिने छैन ।

२.सम्पत्तिकर मुल्यांकन गर्दा एक कट्ठा सम्म भएमा घरवारीको सम्पूर्ण क्षेत्रफल र घरले चर्चेको जमिन एक कट्ठा भन्दा भन्दा वढी भएमा घरले चर्चेको जमिनको क्षेत्रफल वरावर कायम राखि जग्गाको मूल्यांकन गरिनेछ ।सम्पत्तिकर बुझाएको क्षेत्रफल बरावरको जमिनमा मालपोत लाग्ने छैन ।

३. सम्पतिकर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्यांकन गर्दा आ.व. ०७५/०७६ का लागि मालपोत कार्यालयवाट रजिष्टेशन प्रयोजनका लागि तोकेको दर बमोजिम मुल्यांकन गरिनेछ ।

४.जग्गाको मूल्यांकन गर्दा जुन प्रयोजनका लागि सो जग्गा छुट्याईएको हो वा नक्सा पास गरिएको हो सोही प्रयोजनका लागि प्रयोग नगरी अन्य प्रयोजनमा प्रयोग भएको पाईएमा शत प्रतिशत कर निर्धारण गरि असुल गरिनेछ ।

५. पराल, बांस तथा खपटाबाट निर्माण भएका घरको कर प्रतिवर्ष रु.१००।०० असुली गर्ने ।

६. टिनाको छाना र इटाको जोडाईबाट निर्माण १०धूर सम्मको जग्गामा निर्माण भएको घरको रु.५००।०० असुली गर्ने ।

७. टिनाको छाना र इटाको जोडाईबाट निर्माण १ कठ्ठासम्मको जग्गामा निर्माणभएको घरको रु.८००।०० असुली गर्ने ।

८.सम्पतिकर आ.व. ०७५/०७६ को ३ महिना भित्र (असोज महिना) वुझाएमा विगत आ.व. मा लाग्ने सम्पूर्ण जरिवानालाई छुट गरिने छ उक्त समय अवधि भित्र नवुझाएमा साविक वमोजिम सम्पतीकरमा १० प्रतिशत जरिवाना लाग्नेछ ।

९. नगरको पूर्वाधार विकासका लागी सम्पत्तिकरको ३० लाख मुल्यांकन सम्म रु.२००।, ३० लाख देखि ५० लाखसम्मको मुल्यांकनलाई रु.५००।, ५० लाख देखि १ करोडसम्म रु.१०००।, १ करोड देखि ३ करोडसम्म रु.५०००। र ३ करोड भन्दा माथी रु.१०,०००। पूर्वाधार दस्तुर लिने विगतको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

१०. बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) को घरको क्षेत्रफलको हकमा जे-जति क्षेत्रफलको अपार्टमेन्ट वा फ्ल्याट राजिनामा लिखत पास गरी हकहस्तान्तरण भएको छ, सोही बराबर घरको क्षेत्रफल कायम गरिनेछ ।

११.तोकिएको अवधिभित्र बहुतले सामुहिक आवास (अपार्टमेन्ट वा फ्ल्याट) र संयुक्त आवास ( हाउजिङ्ग) अन्तर्गत निर्माण भएका तर बिकि हुन बाँकी अपार्टमेन्ट वा फ्ल्याट र घरको स्टकमा निर्माण अवधि समाप्त भएको मितिले २ वर्षसम्म सम्पत्ति कर लगाइने छैन ।

तर, त्यसरी विक्रि नभई स्टकमा रहेको अपार्टमेन्ट वा फ्ल्याट र घर कुनै प्रकारले उपयोग भएकोमा वा निर्माण अवधि समाप्त भएको मितिले २ वर्ष पुगेपछि त्यस्तो स्टकमा सम्पत्ति कर लगाइने छ

## अनुसूची २

# ऐनको दफा (३) संग सम्बन्धित आ.ब.०७५/०७६ का लागि पारित मालपोत तथा भूमिकर दररेट

**मालपोत (भूमिकर)**

| सि.न. | विवरण | पारित दर प्रति कठ्ठा |
|---|---|---|
| १ | क वर्ग | १५०० |
| २ | ख वर्ग | १००० |
| ३ | ग वर्ग | ७५० |
| ४ | घ वर्ग | ५०० |

| | | |
|---|---|---|
| • विराटनगर महानगरपालिका साविक वडा नं. १ देखि १७ सम्म वर्ग नखुलेका जग्गाहरु प्रति कठ्ठा | | १५० |
| • विराटनगर महानगरपालिकाको वडा न. १८ र १९(साविक बुधनगर वडा न.१,३,४,५ र बैजनाथपुर गा.वि.स.) प्रति कठ्ठा | | १०० |
| आ.व. भित्र कर नबुझाएमा प्रत्येक विगत वर्षको १० प्रतिशत जरिवाना लाग्नेछ । | | |

**अनुसूचि (३)**

ऐनको दफा (४) संग सम्बन्धित

बहाल कर

विराटनगर महानगरपालिका क्षेत्र भित्र कूनै व्यक्ति, संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तबरले बहाल आम्दानी लिएको वा दिएकोमा बहाल अंकको १० प्रतिशत संकलन गर्ने । घर वहालकर संकलन कार्यविधि तयार भई कार्यान्वयन भएमा सोहि बमोजिम हुनेछ ।

## आ.व. २०७५/०७६ को घर वहालकर निर्धारणको लागि न्यूनतम पारित कोठाभाडा दररेट

---

१.जनआन्दोलन चौक देखि पुर्व ट्राफिक चौक हुदै उत्तर तर्फ मेनरोड हुदै गोल्छा चौकसम्मको दायां वायां प्रतिवर्ग फूट
रु.५०।

२.जनआन्दोलन चौक देखि धरान रोड हूदै भृकूटिचौकसम्मको सडकको दायां वायां प्रतिवर्ग फूट रु४०।

३.क) ट्राफिक चौक देखि रोडशेष चौकसम्म दायां वायां प्रतिवर्ग फूट रु.४०।

ख) ट्राफिक चौक देखि दक्षिण कलेज रोड हूदै मलाया सडकसम्म प्रतिवर्गफूट रु.४०।

४.क) धरानरोड र मेनरोड विचको हनूमानदास रोड,महाविररोड, बूद्धमार्गको सडक दायां वायांको प्रतिवर्ग फूट रु ४५।

ख) मेनरोड देखि दक्षिण दधिराम पथ हूदै सिद्धार्थ चौकसम्म रु४०।

ग) मेनरोड देखि जानकि पथ हूदै सिद्धार्थ चौकसम्म रु.४०।

५. मेनरोड गोल्छा चौक जाने रोड देखि पानिटंकि चौकसम्म रु३०।

६. मेनरोड जलजला जानेचौक देखि पूर्व रंगेली रोड हूदै देवकोटा चौकसम्म रु४०।

७. धरान रोड भृकूटिचौक देखि उत्तर बरगाछि चौकसम्म रु.४०।

८. जनआन्दोलनचौक देखि धरानरोड हूदै रोडशेषचौक सम्मका रु.४०।

९. मेनरोड गोल्छाचौक देखि जिल्ला प्रशासन कार्यालय सम्म रु.३०।

१०. बरगाछि पूर्व पानिटंकिचौक सम्म रु.१५।

११. जिल्ला कार्यालय मोड देखि हस्पिटल मोड सम्म रु.२५।

१२. देवकोटा चौकदेखि धरमवांधरोड, अमरटोल, मधूमारा, हाटखोला चौक देखिपश्चिम उत्तर हूदै गहेली, खद्रा, सेन्टजोसेफ स्कूलको सडकहूदै बजरंगवली मन्दिरचौक सम्मको रु.१५।

१३. बजरंगवली जाने पिच सडकउत्तर सिंगाई रोड पश्चिममेनरोड हूदै घिनाहघाटचौकसम्म रु.१५

१४. रोडशेष देखि दक्षिण नेशनल ट्रेडिंग हूदै रानिभन्सार सम्म रु १०।

१५. बिराटनगर भन्सार कार्यालय देखि उत्तर पूरानो जोगबनि सडक देखि उत्तर रोडशेष चौकसम्म रु१५।

१६. जनआन्दोलन चौक देखी पश्चिम जाने पिच सडक हूदै विराटनगर वडा नं ६ र ७, १५ र १६ मा पर्ने शान्तिचोक, सरौचिया , जनपथ , नहरपारी, कालिमन्दर दक्षिण वडा समिति कार्यालय १६ हूदै पूर्व मा महेन्द्र मोरगं क्याम्पस पुर्व रोडसेष चौक सम्म रु १०।

१७.वरगाछिचौक देखि पश्चिम चांदनी चौक सम्म र उत्तर विराटनगर ४र५ को उत्तरी सिमाना पहडगछचौक सम्म रु १५।

१८.ट्राफिकचौक पुर्व जहदारोड सम्म रु १५।

१९.तिनटोलिया, जनपथ, मधूमारा, पान्चाली, सरौंचिया, अलकाटोल, वडान. ६, ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६ को रु १०।

२०.केशलिया सडक रु १५।

२१.उक्त सि. न. मा नपरेका नगरपालिका क्षेत्र भित्रका अन्य क्षेत्रहरुको रु १०।

२२.बरगाछी उत्तर आयल निगम सम्म रु ३०।

दृष्टव्य:उपरोक्त उल्लेखीत सडकमा

क. जस्ता ,टायल ,एस्वेष्टसको छाना भई पक्कि गाह्रोभएको घरकोतलाको हकमा माथि लेखिएको मूल्यमा ३० प्रतिशत छूट दिने।

ख. काठैकाठको घर वांसकोटाटी जस्ता, टिन, टायल छाना भएको कच्ची घरमा ५० प्रतिसत छूट दिने ।

ग. उपरोक्त न्यूनतम वहाल दर जमिन तल्लाको लागि भएको हूंदा प्रथमतल्ला वा सोभन्दा माथिको तल्ला आवासिय प्रयोजनको लागि भएमा ७५ प्रतिशत र व्यवसायिक प्रयोजनका लागि भएमा ५० प्रतिशतका दरले कमगर्ने ।

घ. उपरोक्त वमोजिमको वहाल दर मासिक आधारमा हिसाव गर्ने । साथै उपरोक्त शिर्षमा नपरेको क्षेत्रमा प्रति वर्ग फिट रु १०।

ङ. जमीन तलाको अगाडिको पसल कवल वाहेक पछाडि पट्टीका अन्य कोठाहरुको ब्यावसायिक प्रयोजन भएमा २० प्रतिशत र अन्य प्रयोजन निमित्त उपयोग भएमा उपरोक्त वहालकरमा ४० प्रतिसतका दरले छूट दिई हिसाव गर्ने ।

च. सरकारी, अर्धसरकारी र वित्तिय संस्था आदिहरुको बहालकर घरबहाल संझौतालाई समेतलाई आधारमानि निर्धारण गर्न सकिने छ ।

# अनुसूची ४

ऐनको दफा (५) संग सम्बन्धित

# विराटनगर महानगरपालिका

## ऐनको दफा (५) संग सम्बन्धित आ.ब.२०७५/२०७६ का लागि पारित व्यवसाय वार्षिक करकादर विवरण

| | | | साना | मझौला | ठुलो | कैफियत |
|---|---|---|---|---|---|---|
| कर आय | व्यापारिक वस्तु कर | चुरोट डिलर | ५००० | ७००० | १०००० | |
| | | रक्सी, मदिराजन्य पसल | ५००० | ९००० | १५००० | |
| | | ज्वेलरी (जेम्स) | ७००० | १२००० | २०००० | |
| | | गहना ज्यालामा बनाउने | ४००० | ५००० | ६००० | |
| | | सिडी., डिभिडी बिक्री, भिडियो क्यासेट बिक्री क्यासेट रिकर्डर, प्लेयर, रेडियो, डेक, फोन, टाइप राइटर | २००० | ३५०० | ५००० | |
| | | क्यूरियो | २००० | ३००० | ३००० | |
| | | मोबाइल एसेसरिज बिक्रि पसल | ३००० | ६००० | १०००० | |
| | | घडि बिक्रि पसल तथा रिपेरिंग समेत | २००० | ४००० | ५००० | |
| | | पान पसल अन्य सामान समेत) | १५०० | २००० | ३५०० | |
| | | पुस्तक पसल, स्टेशनरी | २००० | ४००० | ७००० | |
| | | पत्रपत्रिका मात्र | १५०० | २००० | २५०० | |
| | | पान  मात्र बेच्ने पसल | १००० | २००० | ३००० | |
| | | तमाखु पसल | २००० | ३००० | ३५०० | |
| | | कम्प्युटर, फ्रिज,  फोटोकपी, वासिंग मेशिन इत्यादी इलेक्ट्रोनिक्स सामान थोक खुद्रा विक्री | ६००० | ८००० | १५००० | |
| | | कलर ल्याव वा यस्तै प्रकृतिका प्रिन्टीङ्ग व्यवसाय, फ्लेक्स प्रिन्ट समेत | ३००० | ५००० | १०००० | |
| | | फर्निचर तथा फर्निसिङ बिक्रि | ५००० | ८००० | १२००० | |
| | | काठ चिरानी लगायत सामान्य लोकल फर्निचर | ३००० | ५००० | ८००० | |
| | | मेघा डिपार्टमेन्टल स्टोर | १५०००० | १५०००० | १५०००० | |
| | | मिनि डिपार्टमेन्टल स्टोर | ५०००० | ५०००० | ५०००० | |
| | | मिनि मार्ट | १५००० | १५००० | १५००० | |
| | | कम्प्लेक्स सेन्टर बिजनेस मार्ट | १२५००० | १२५००० | १२५००० | |
| | | तयारी लुगा रेडिमेड | ३००० | ५००० | १०००० | |
| | | चस्मा बिक्रि ,बनाउने समेत | २५०० | ३००० | ३५०० | |
| | | रड, सिमेन्ट, जस्ता पाता, हार्डवेयर पसल | ५००० | १०००० | १५००० | |
| | | रंङ रोगन पसल | ४००० | ६००० | १३००० | |
| | | स्यानिटरी वाथरुम फिटिङ्गस पसल | ४००० | ६००० | १३००० | |
| | | ऐना, प्लाईउड तथा सिसा पसल | ३००० | ५००० | १३००० | |
| | | बिजुली सामान पसल | ३००० | ५००० | १३००० | |
| | | सवारी साधन पार्ट पुर्जा | ४००० | ६००० | १३००० | |
| | | सिंगार पसल (कस्मेटीक) | २५०० | ३५०० | ५००० | |
| | | टायर ट्युब पसल(रिसोलिङ्ग समेत) | २५०० | ३००० | ३५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रोडा, बालुवा,/ढुवानी सेवा | ५००० | ८००० | १५००० | |
| | | पेट्रोल पम्प(लुब्रीकेन्ट, मोबिल आदि समेत) | ३०००० | ३०००० | ३०००० | |
| | | एकोरियम पसल(माछाको चारो समेत) | ५००० | ५००० | ५००० | |
| | | छाला तथा छालाका सामग्री बिक्रि | ५००० | ८००० | १५००० | |
| | | थान्का, खादा पसल | २००० | २५०० | ३००० | |
| | | साडी पसल,कुर्ता सलवार | ३००० | ६००० | ८००० | |
| | | औषधी पसल खुद्रा | ३००० | ५००० | १०००० | |
| | | औषधी पसल थोक, | ४००० | ८००० | १५००० | |
| | | भेटेनरी औषधी पसल | ३००० | ५००० | ७००० | |
| | | सर्जिकल इक्युपमेन्ट शप | ५००० | १२००० | १५००० | |
| | | खाद्य पदार्थ/किराना पसल, कोल्ड ड्रिक आदि | २००० | ४००० | ८००० | |
| | | कपडा थान पसल | ३००० | ५००० | १०००० | |
| | | तरकारी पसल | २००० | ३००० | ३००० | |
| | | तरकारी तथा फलफुल थोक | ७००० | १०००० | १५००० | |
| | | फलफूल पसल खुद्रा | २००० | ३००० | ३००० | |
| | | चिया नास्ता पसल | १००० | २५०० | ३५०० | |
| | | दूध, दही बिक्रि पसल | २००० | २५०० | ३००० | |
| | | धातुका भाडा कुडा पसल (उच्चस्तरिय) | ३००० | ४००० | ५००० | |
| | | प्लाष्टिक भाँडा पसल | ३००० | ४००० | १०००० | |
| | | गिफट तथा खेलौना पसल (उच्चस्तरिय) | २००० | ४००० | ५००० | |
| | | चुरा पोते रिवन अन्य मिश्रीत सामाग्री पसल | ५००० | ५००० | ५००० | |
| | | कृतिम गहना पसल | ३००० | ४००० | ४००० | |
| | | इमब्रोइडरी पसल | २००० | २५०० | ३००० | |
| | | कृषि सामाग्री,औजार, मल,बीउ,पशु,पंक्षी आहार समेत | २००० | २५०० | ३००० | |
| | | धागो टाँक पसल | २००० | २५०० | ३००० | |
| | | जुत्ता पसल (स्वदेशी, बिदेशी,)थोक तथा खुद्रा | ३००० | ६००० | ७००० | |
| | | ट्रेकिङ सामान बिक्रि पसल | ३००० | ३५०० | ४००० | |
| | | मोटर साईकल वर्कशप | २००० | २५०० | ५००० | |
| | | मोटर, कार बिक्रि सो रुम, भारतीय र अन्य | | | ३५००० | |
| | | मोटर साइकल, | | | २५००० | |
| | | बस अन्य भारी सवारी साधन बिक्रि सोरुम | | | २५००० | |
| | | ट्रैक्टर बिक्रि सोरुम | | | १०००० | |
| | | इरिक्सा सोरुम | | | १५००० | |
| | | साइकल बिक्रि सोरुम | ४००० | ६००० | ७००० | |
| | | सवारी साधनका पार्ट पुर्जा पसल | ३००० | ४००० | ५००० | |
| | | रिकन्डीसन सवारी साधन खरिद बिक्रि ( मोटर कार,जिप अन्य भारी सवारी समेत) | | | १०००० | |
| | | रिकन्डीसन सवारी साधन खरिद बिक्रि ( मोटर साईकल मात्र) | | | ७००० | |
| | | रेडियो, घडी बनाउने, टि.भि सहित विद्युतीय सामान बनाउने | २००० | ३००० | ५००० | |
| कर आय | विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसाय सेवा (विषेशज्ञताको समेत आधारमा) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | चिकित्सक | ५००० | १०००० | १०००० | |
| | | कविराज | २००० | ३००० | ३००० | |
| | | इन्जिनियर,कन्सलटेन्सी | १०००० | १०००० | १०००० | |
| | | कानून व्यवसायी, ल फर्म(वरिष्ठ अधिवक्ता सहित) | ४००० | ४००० | ४००० | |
| | | कानून व्यवसायी, ल फर्म( अधिवक्ता सहित) | ३००० | ३००० | ३००० | |
| | | अन्य(लेखापढी व्यवसायी समेत) | २००० | २००० | २००० | |
| | | लेखा परीक्षक, फर्म(श्रेणी अनुसार) | २००० | ५००० | १५००० | |
| | | चिकित्सक | ३००० | ५००० | १०००० | |
| | | अनुसन्धानकर्ता तथा परामर्शदाता | ३००० | ५००० | ५००० | |
| | | कम्प्युटर एनालिष्ट तथा प्रोगामर | २००० | ४००० | ५००० | |
| | | बीमा एजेन्ट | २००० | २५०० | ३००० | |
| | | विज्ञापन एजेन्सी | ४००० | ६००० | १०००० | |
| | | सर्भेयर | २००० | २५०० | ३००० | |
| | | अनुवादक, नोटरी पब्लिक | २००० | २५०० | ३००० | |
| | | पशु चिकित्सक | २००० | २००० | २००० | |
| | | सामान ढुवानीकर्ता तथा कम्पनी | ४००० | ६००० | २५००० | |
| | | संस्थागत पेन्टर | २००० | २००० | २००० | |
| | | कन्सल्टेन्सी स्वदेशी जनशक्ति आपूर्ति | १०००० | १०००० | १०००० | |
| | | वैदेशिक परामर्श(मेन पावर कम्पनि समेत) | १५००० | १५००० | १५००० | |
| | | आयात तथा निर्यात व्यापार | ५००० | ६००० | ७००० | |
| | | ल्याव्रेटोरी, एक्सरे क्लिनिक | ५००० | ६००० | ७००० | |
| **कर आय** | उत्पादन मुलक उद्योग | कोरा माल वा अर्ध-प्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामान प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने उद्योग व्यवसायमा | ५००० | १०००० | १०००० | |
| | | वहुउदेश्य पेय पदार्थ उद्योग | १०००० | १५००० | २०००० | |
| | | आइसक्रिम उद्योग | ५००० | ५००० | ५००० | |
| | | विस्कुट उद्योग पाउरोटी, केक उद्योग | ५००० | ५००० | ५००० | |
| | | दालमोट, भुजिया उद्योग | ५००० | ५००० | ५००० | |
| | | हलुका पेय पदार्थ उद्योग (कोका कोला, पेप्सी कोला बाहेक) | २५०० | ३००० | ४००० | |
| | | डेरी उद्योग | ३००० | ४००० | ५००० | |
| | | जुत्ता, चप्पल उद्योग | ३००० | ४००० | ५००० | |
| | | डिस्टिलरी उद्योग | | | १०००० | |
| | | मिनिरल वाटर उद्योग | | | ५००० | |
| | | खाद्यन्न सामाग्री उद्योग,(चकलेट,मीश्री चाउचाउ,नूडल्स,पापड, चिप्स अचार समेत) | ३००० | ४००० | ५००० | |
| | | कार्पेट, गार्मेन्ट, पस्मिना, हेनलुम, भुल स्वीटर उद्योग | ५००० | ५५०० | ६००० | |
| | | प्लाष्टिक उद्योग/ईलेक्ट्रिक सामाग्री उद्योग | १०००० | १२००० | १५००० | |
| | | साना घरेलू उद्योग(हेण्डीक्राफ्ट) | २००० | ३००० | ३५०० | |
| | | कापी किताब उद्योग | २५०० | ३००० | ३५०० | |
| | | गृल उद्योग(सटर ,भ्याल,ढोका आदि) | ५००० | ७००० | १०००० | |
| | | खाद्यान्न मिल | २५०० | ५००० | ७००० | |
| | | अन्य उत्पादन मूलक उद्योग(चक, दाना,फीनेल,निर) | २५०० | ५००० | ७००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कर आय | कृषि तथा वनजन्य | | | | | |
| | | मूलतः कृषि वा वन पैदावारमा आधारित उद्योग व्यवसायमा | ३००० | ४००० | ५००० | |
| | | काठ समेतको स:मिल | ५००० | ७००० | १०००० | |
| | | नेपाली कागज उद्योग | २००० | ३००० | ४००० | |
| | | रबर उद्योग | ५००० | ५००० | ५००० | |
| | | कृषि फर्म( पोल्ट्री, गाई बाख्रा, माछा, तरकारी खेती आदि | २००० | २५०० | ३००० | |
| | | चिनी उद्योग | ५००० | ८००० | १०००० | |
| | | अन्य कृषि तथा वनजन्य उद्योग | ३००० | ४००० | ५००० | |
| कर आय | खनिज तथा खनिज प्रशोधन व्यवसाय | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमा( खोटो संकलन आदि समेत) | ६००० | ७००० | १०००० | |
| कर आय | पर्यटन उद्योग/व यवसाय | | | | | |
| | | पांच तारे होटल | | | २५०००० | |
| | | चार तारे होटल | | | २००००० | |
| | | तीन तारे होटल | | | १३०००० | |
| | | दुई तारे होटल | | | ७५००० | |
| | | एक तारे होटल | | | ५०००० | |
| | | होटल(तारा बिहिन स्तरको) | | | २०००० | |
| | | रेष्टुरेन्ट एण्ड बार | १०००० | २०००० | ३०००० | |
| | | रेष्टुरेन्ट एण्ड  लोक नृत्य तथा गित सहित) | | | ३५००० | |
| | | फास्ट फुड पसल /मिठाई पसल | ३००० | १०००० | १०००० | |
| | | बेकरी क्याफे | ५००० | ५००० | ५००० | |
| | | लज गेष्ट हाउस, | ३००० | ८००० | १५००० | |
| | | ट्रेकिङ एजेन्सी, टुर अपरेटर | २००० | ३००० | ५००० | |
| | | टेकिङ सामान सम्बन्धी पसल | ५००० | ७००० | १०००० | |
| | | पर्यटकीय अन्य सामाग्री पसल | | | ३००० | |
| | | आवास होम स्टे | | | ३००० | |
| | | रिसोर्ट | ८००० | १०००० | १५००० | |
| | | ट्राभल एजेन्सी | | | १०००० | |
| | | विदेश विमान सेवा(ट्राभल एजेन्सी) | | | १२००० | |
| | | स्वदेशी विमान सेवा नीजि | ८००० | ९००० | १०००० | |
| | | अन्य पर्यटन उद्योग | ३००० | ५००० | ७००० | |
| सेवा व्यवसाय कर आय | | छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाई सेवा, शीत भण्डार आदि उद्योग व्यवसायमा | | | | |
| | | सर्टिङ सुटिङ पसल | ३००० | ५००० | ८००० | |
| | | ड्राइ क्लिनर्स | २००० | ३५०० | ४००० | |
| | | व्यूटी पार्लर( सुविधा हेरी ) | १५०० | २५०० | ४००० | |
| | | सैलुन( सुविधा हेरी ),मसाज | २००० | ४००० | ५००० | |
| | | फोटो स्टुडियो | २००० | ३५०० | ४००० | |
| | | भोजनालय तथा सामान्य खाजा घर | २००० | २५०० | ३००० | |
| | | फेस हाउस | ३००० | ५००० | १०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कोल्ड स्टोर, सीत भण्डार | | | १०००० | |
| | | कवाडी सामान थोक | ५००० | ६००० | ७००० | |
| | | कवाडी सामान खुद्रा | २००० | ३००० | ४००० | |
| | | घडी मर्मत पसल | २००० | २५०० | ३००० | |
| | | रेकर्डिङ स्टुडियो | ३००० | ५००० | ७००० | |
| | | यात्रु परिवहन सेवा | | | ८००० | |
| | | स्नुकर र पुल र भिडियो गेम,फुटसल | २५०० | ३००० | ३५०० | |
| | | छापाखाना स्कृनप्रिन्ट | ३००० | ५००० | ७००० | |
| | | मसला पसल  काजु किसमिस आदि | २००० | ३००० | ४००० | |
| | | खाद्यान्न डिलर | ४००० | ६००० | ८००० | |
| | | लुगा सिउने मेशिन विक्रि गर्ने पसल | ३००० | ५००० | ७००० | |
| | | मर्मत (छाला ज्याकेट व्याग सुटकेश आदि) | ३००० | ३५०० | ४००० | |
| | | साधारण टेलरिङ, पिको, इम्ब्रोइडरी सिलाइ मेसीन संख्या समेतका आधारमा) ईत्यादी | २५०० | ४००० | ५००० | |
| | | बैण्ड बाजा | | | ३००० | |
| | | पञ्चै बाजा | | | १५०० | |
| | | टेण्टहाउस,क्याटरिङ्ग सेवा फुल, हाफ | ३५०० | ४००० | ५००० | |
| | | मट्टीतेल मात्र बेच्ने | २००० | २५०० | ३००० | |
| | | छाला तथा ,छालाका सामान बिक्री पसल | ३००० | ४००० | ५००० | |
| | | चलचित्र निर्माण तथा वितरक कम्पनी ( सानो पर्दा,ठूलो पर्दा) | ७००० | ८००० | १०००० | |
| | | ट्रान्सपोर्ट कम्पनी शाखा भएको | | | ७००० | |
| | | ट्रान्सपोर्ट कम्पनी शाखा नभएको | | | ५००० | |
| | संचार सेवा व्यवसाय | निजी  हुलाक सेवा (कुरीयर) | | | ३००० | |
| | | टेलिफोन सेवा | | | २५००० | |
| | | सेल्स अफिस, फ्याक्स सेवा, फोटोकपी, मोबाइल फोन, आइएसडी, एसटीडी, इमेल, इन्टरनेट | | | ५००० | |
| | | साइबर, रेडियो पेजिङ,एफ,एम आदि | | | ७००० | |
| कर आय | वित्तिय सेवा व्यवसाय | वाणिज्य बैंक ( केन्द्रिय कार्यालय) | | | १००००० | |
| | | वाणिज्य बैक शाखा | | | ५०००० | |
| | | विकास बैंक( केन्द्रिय कार्यालय) | | | ५०००० | |
| | | विकास बैंक( शाखा | | | ३०००० | |
| | | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनी को मुख्य कार्यालय | | १५००० शाखा | ३०००० मूख्य | |
| | | सहकारी संस्था | | २००० शाखा | ३००० मूख्य | |
| | | बीमा कम्पनी केन्द्र | | | १००००० | |
| | | बीमा कम्पनी शाखा | | | ५०००० | |
| | | विदेशी बीमा कम्पनी | | | १००००० | |
| | | विदेशी मुद्रा सटही | | | ५००० | |
| | | सहकारी बैंक | | | १५००० | |
| | | अन्य वित्तिय कारोबार गर्ने(धितो कारोवार) | | | २०००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कर आय | स्वास्थ्य सेवा व्यवसाय | सामुदायिक गैरसरकारी अस्पताल(संस्थागत) | १५००० | २०००० | २५००० | बेड संख्याको आधारमा |
| | | नर्सिङ होम | १००००० | १५०००० | २००००० | |
| | | क्लिनिक तथा ल्याब,एक्सरे | | | १५००० | |
| | | नीजि अस्पताल, मेडिकल कलेज | ३००००० | ३००००० | ३००००० | |
| | | डेन्टल हस्पिटल, | २०००० | २०००० | २०००० | |
| | | आँखा अस्पताल | | २०००० ट्रष्टबाट संचालित | ५०००० निजी | |
| | | अकुपन्चरिष्ट ,सेराजिम,सावना,थेरापि सेवा | | | ७००० | |
| | | भेटरीनरि क्लिनिक | | | ५००० | |
| कर आय | शिक्षा तथा तालिम व्यवसाय | क्याम्पस, विश्व विद्यालय | | | २०००० | |
| | | तालिम तथा अनुसन्धान केन्द्र | | | ५००० | |
| | | कम्प्युटर,परामर्श तथा भाषा प्रशिक्षण संस्था | | | १५००० | |
| | | कम्प्युटर टाईपिङ | | | ५००० | |
| | | निजि प्रारम्भिक वाल विद्यालय(मन्टेश्वरी ) | ५००० | १०००० | १५००० | वर्गीकरणको आधारमा |
| कर आय | मर्मत संभार व्यवसाय | हेभी भेइकल( डोजर आदि) | | | १०००० | |
| | | बस, ट्रक, | | | ८००० | |
| | | लाइट भेइकल (कार, भ्यान, जिप,) | | | ५००० | |
| | | मोटर साइकल मर्मत सानातिना पार्ट सहित | | | ५००० | |
| | | साइकल | | | २००० | |
| | | रेडियो, टि.भी., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, कम्प्युटर विद्युत सामाग्री | | | ३००० | |
| | | लेथ मिसिन | | | २००० | |
| | | म्यूजिकल एण्ड मेन्टेनेन्स पसल | | | ३००० | |
| कर आय | अन्य सेवा | विज्ञापन सेवा एजेन्सी | | | ५००० | |
| | | वैदेशिक रोजगार सेवा ( कन्सल्टेन्सि | | | २५००० | |
| | | स्वदेशी रोजगार सेवा ( कन्सल्टेन्सि | | | ५००० | |
| | | सेक्रेटेरियल सेवा | | | ३००० | |
| | | हाउजिङ कम्पनी तथा घरजग्गा खरिद बिक्री (रियल स्टेट) | | | ४००००। | |
| | | फूल व्यवसाय | २००० | २५०० | ३००० | |
| | | बेतका सामान विक्रि | २००० | २५०० | ३००० | |
| | | फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग | ७००० | १०००० | १५००० | |
| | | साईनबोर्ड बनाउने तथा पेन्टिङ सेवा | | | ३००० | |
| | | पशु वधशाला | | | ३००० | |
| | | फलफूलका विरुवा विक्रेता (नर्सरी) कम्पोष्ट मल समेत | २००० | ३००० | ५००० | |
| | | सिसा, प्लाइउड बिक्रेता फ्रेमिङ्ग हाउस | ३००० | ५००० | ८००० | |
| | | ग्यास डिलर तथा सो संग सम्बन्धित अन्य सामान विक्रि गर्ने | ३००० | ५००० | ७००० | |
| | | स्टिल दराज,रेलिङ्ग आदि विक्रि गर्ने | | | ७००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | काठका तयारी समान विक्रि गर्ने ( फ्याल,चौकोस) | ३००० | ४००० | ५००० | |
| | | फर्निचर बिक्रेता सो रुम | | | १०००० | |
| | | केवल नेटवर्क:<br>५००० सम्म ग्राहक भएको | | | ५०००० | |
| | | १०००० सम्म ग्राहक भएको | | | ७५००० | |
| | | २०००० भन्दा बढी ग्राहक भएको | | | १००००० | |
| | | १०००० ग्राहक र इन्टरनेट सुविधा भएको | | | १५०००० | |
| | | इन्टरनेट प्रोभाइडर | | | ५०००० | |
| | | Private Telecommunication Service | | | २०००० | |
| | | कार्गो (सामान ढुवानी) | | | ५००० | |
| | | टिकट काउण्टर | | | ३००० | |
| | | ढक तराजु बिक्री पसल | | | ३००० | |
| कर आय | अन्य व्यवसाय | पिकनिकस्पट,पार्क | | | १०००० | |
| | | क्यासिनो / E-gaming at casino-Adult Purpose | | | १५०००० | |
| | | ई गेम/E-games for children / video parler | | | ३०००० | |
| | | टुर अपरेटर | | | १५००० | |
| | | Kennel & Animal Breeding | | | ३००० | |
| | | शिशु स्याहार केन्द्र | | | १००० | |
| | | Event Management Company | | | १५००० | |
| | | रेन्टल तथा क्याटरिङ सेवा | | | १०००० | |
| | | सप्लायर्स | | | ५००० | |
| | | Astrology, Spritiual & Genealogy | | | २००० | |
| | | पार्टी प्यालेस | | | १५००० | |
| | | सरसफाइ सेवा व्यवसाय | | | १५००० | |
| | | हेल्थ क्लव व्यामशाला | | | १०००० | |
| | | स्वीमिङ | | | ५००० | |
| | | होस्टेल | | | ७००० | |
| कर आय | निर्माण व्यवसाय | नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा | ५००० ग वर्ग | १०००० ख वर्ग | १५००० क वर्ग | |
| | | अन्य निर्माण सेवा घ वर्ग समेत | | | ३००० | |
| कर आय | उर्जा मुलक उद्योग | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, बायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | | | | |
| | | हाइड्रो पावर | १०००० | १२००० | १५००० | |
| | | अन्य उर्जा मूलक उद्योग | ५००० | ८००० | १०००० | |
| | | सोलार उत्पादन तथा बिक्रि | ८००० | ९००० | १०००० | |
| | | बायो प्राकृतिक ग्यास कम्पनी | २००० | २५०० | ३००० | |
| कर आय | निर्माण उद्योग | सडक पूल, रोपवे, रेलवे, ट्रलिबस, टनेल, फलाइङ वृज तथा औद्योगिक व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | | | २५००० | |
| | माथि तोकिएकोमा सोही बमोजिम, नतोकीएको हकमा | | ०० | ४००० | ५००० | |

**नोट:**

१ माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा व्यवसाय र उद्योगको किसिम हेरी माथीको कर दरवन्दीमा नघटनेगरी वार्षिक कर लिई व्यवशाय प्रमाणपत्र दिईने छ ।

२ महानगरपालिकामा दर्ताभई संचालनमा नआएका फर्म, पसल, उद्योग आदिलाई बन्द गर्नुपर्दा वडाको सर्जमिन र शाखाको स्थलगत निरिक्षणको आधारमा विगत वर्षको लाग्ने दस्तुर र जरिवानाको ४० प्रतिशत लिई ६० प्रतिशत मिनाहा गरिने छ ।

३. महानगरपालिकामा अन्य सरकारी कार्यालयमा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदिलाईृ कुनै प्रकारको सिफारिश गर्नुपर्दा वडाको सर्जमिन र शाखाको स्थलगत निरिक्षणको आधारमा विगत वर्षको लाग्ने दस्तुर र जरिवानाको ४० प्रतिशत लिई ६० प्रतिशत मिनाहा गरिने छ ।

४. व्यवसायको साविक कारोवारमा थप गर्न, हटाउन वा संशोधन गर्नका लागि चालु आ.व.को कर चुक्ता गर्नुपर्नेछ ।

५. बस,ट्रक,गाडीलगायत सवारी साधनले स्लाब रेलिङ,स्तम्भपेटी आदी भत्काएमा निमार्ण गर्दा लाग्ने खर्च मूल्याकंन गरी उक्त खर्च र जरिवाना वापत थप एक पटकमा रु १५००। दोस्रो पटकमा रु २०००। जरिवाना लिईने छ ।

६. नगरपालिकालाई आवश्यक परेमा निजको व्यवसायको कारोवार को आन्तरिक राजश्व कार्यालय वा अन्त:शुल्क कार्यालयवाट कारोवार प्रमाणित विवरण माग गर्न सकिने छ ।

७. यस कार्यलयलाई बुझाउनु पर्ने कर शुल्क र भाडा आदि जस्ता राजस्व बुझाउन वांकी रहेमा न.पा.बाट प्रदान गरिने सिफारिस,सेवा प्रवाहवाट बञ्चित गर्न सकिनेछ ।

८. व्यवसायीक प्रमाणपत्रको प्रतिलिपि वापत २०५।००,सिफारिस वापत १५५।०० साथै व्यवसायको तिनपुस्ते भित्रको नामसारीमा १०५।०० र तिनपुस्ते वाहेकमा २१०।०० लाग्नेछ ।

९. निर्माण व्यवसायिहरु लाई महानगरपालिका संग कुनै कारोवार नगरेमो व्यवसायिक प्रमाण नविकरण गर्दा प्रदान गरिएको छुटलाई यस आ.व. देखि खारेज गरिएको छ ।

१०. व्यवसायकर आ.व. ०७५/०७६ को ३ महिना भित्र (असोज महिना) वुझाएमा विगत आ.व. मा लाग्ने सम्पूर्ण जरिवानालाई छुट गरिने छ साथै उक्त समय अवधि भित्र नवुझाएमा साविक वमोजिम व्यवसायकरमा २५ प्रतिशत जरिवाना लाग्नेछ ।

१०. अन्य वांकी करहरुका हकमा साविक आ.व. बमोजिम हुनेछ ।

# अनुसूची ५

ऐनको दफा (६) संग सम्बन्धित

**स्वदेशी सवारी साधन पार्किड.शुल्क:**

| सि.न. | विवरण | पारित प्रति ट्रिप रकम रु. |
|---|---|---|
| १. | स्वदेशी बस,ट्रक,लरी अन्य हेभी गाडी | ५० |
| २. | स्वदेशी माईक्रो,ल्यान्ड रोभर, मिनिवस | ३० |
| ३. | विदेशी बस,ट्रक,लरी अन्य हेभी गाडी | १०० |
| ४. | विदेशी माईक्रो,कार,अन्य साना गाडी | ८० |
| | जिप,कार, मारुतिभ्यान,अन्य साना गाडी | १५ |
| | मोटरसाईकल | ५ |

विराटनगर महानगरपालिका क्षेत्रभित्र ठेगाना रहेका सम्पूर्ण सवारीसाधनहरुले वार्षिक सवारीकर वुझाउनुपर्नेछ ।चालु आ.व.को सवारीकर बुझाउने सवारीधनीलाई विगत आ.व.को बांकी सम्पूर्णकर मिनाहा गरिनेछ ।

**विदेशी सवारी साधनमा नगरपालिकाले लगाउने पटके सवारी कर:**

| सि.न. | विवरण | पारित रकम रु. |
|---|---|---|
| १. | ६चक्के बस, ट्रक,लहरी गाडी | १२५। |
| २. | १० चक्के बस, ट्रक,लरी अन्य हेभी गाडी | १५०। |
| ३. | मिनिबस/सानो ट्रक | १२५। |
| ४. | कार अन्य साना गाडी | ७५। |
| ५. | आयलटंकी लरी ६ चक्के | १२५। |
| ६. | आयलटंकी लरी ८ चक्के,बस | १५०। |
| ७ | १० भन्दा वढी चक्का भएका, कन्टेनर लामो,डम्पर,टेलर आदि । | २००। |

**स्वदेशी सवारी साधनमा नगरपालिकाले लगाउने पटकेकर:**

| सि.न. | विवरण | पारित प्रति ट्रिप रकम रु. | पारित वार्षिक सवारीकर |
|---|---|---|---|
| १. | स्वदेशी बस,ट्रक,लरी अन्य हेभी गाडी | २० | ४००० |
| २. | स्वदेशी माईक्रो,ल्यान्ड रोभर, मिनिवस ,मिनिट्रक,ट्रयाक्टर | १५ | २००० |
| ५. | ठेलारिक्सा,रिक्सा भ्यान | ५ | १००। |
| | मोटरसाईकल,स्कूटर | | ३००। |
| | टेम्पो, विद्युतिय रिक्सा | १० | ५००। |
| | जिप,कार, मारुतिभ्यान,अन्य साना गाडी | १५ | ८००। |

# अनुसूची ६

ऐनको दफा (७) संग सम्बन्धित

**विज्ञापन करका दर:**

| क.स. | विवरण | पारित सार्वजानिक स्थान प्रति व.फि.रु. | पारित निजि स्थान प्रति व.फि.रु. |
|---|---|---|---|
| १. | होडिंग वोर्ड मेनरोड, धरानरोडमा | १०० | ५० |
| २ | साखा रोड | ५० | २५ |
| ३ | डि पि एस वोर्ड मेनरोड,धरान रोड | ५० | २५ |
| | शाखा रोड प्रति वर्ग फिट न.पा.क्षेत्र भित्र | ५० | २५ |
| ५ | फ्ल्यास वोर्ड अन्य वोर्ड मेनरोड, धरान रोड | १०० | ५० |
| ६ | फ्ल्यास वोर्ड अन्य वोर्ड शाखा रोडमा नगर क्षेत्रभित्र | ८० | ४० |
| ७ | भित्तेलेखन प्रति वर्ग फिट (निजि स्थानमा मात्र ) | २ | |
| ८. | Led digital hoading board / glow shine board / neon shine board प्रति महिना | १०० | ५० |

| | | | |
|---|---|---|---|
| ९. | अकाशमा बेलुन/जियाकेट विज्ञापन प्रतिदिन | १०० | ५० |
| १० | सवारी साधन विभिन्न भागमा स्टिकर,वोर्डवाट गरिने प्रति बर्गफिट | १०० | ५० |
| ११ | व्यानर प्रति हप्ता मात्र, सडक क्रस गरेर व्यानर राख्न पाईने छैन । | ५०० | |
| १२ | वन्टीङ्ग व्यानर व्यापारीक प्रति गोटा (दुई हप्ताकालागि) | १०० | |
| १३ | राजमार्गमा स्वागत द्धार राख्न पाईने छैन । अन्य स्थानमा गेट राख्न न.पा.को स्वीकृति लिएर मात्र राख्न पाईनेछ ( प्रति हप्ता ) | १५०० | |
| १४ | न.पा.ले स्वीकृति दिएको र सम्झौता गरेकामा लिन पाईने छैन । | | |
| १५ | प्रचार प्रसार रिक्साबाट माईकिंग प्रतिदिन रु २००। मात्र राजनैतिक दल र सार्वजानिकहितको सुचनामा लिन पाइने छैन । | | |
| १६ | वियर,मदिरा,चूरोट तथा सुर्तिजन्य पर्दाथको विज्ञापनलाई निजि तथा सार्वजानिक स्थलमा राख्न स्वीकृती दिइने छैन । | | |
| १७ | राजनैतिक,धार्मिक र सामाजिक व्यानर ३ हप्तासम्म नि:शुल्क राख्न दिने । | | |
| १७ | जनसमुदाय भेला हुने स्थान जस्तै जिल्ला प्रशासन कार्यालय, भन्सार, अदालत, जि.वि.स., न.पा., राजश्व कार्यालय अगाडि न.पा.ले तोके आकार प्रकारका होर्डिग वोर्ड राख्नु पर्ने छ । | | |

# अनुसूची ७

ऐनको दफा (८) संग सम्बन्धित

**विराटनगर महानगरपालिका क्षेत्रभित्र लाग्ने अस्थायी सप्ताहिक हाट वजार ब्यवसाय पटकेकर**

| क.स | विवरण | पारित.रु. |
|---|---|---|
| १. | एक घोडा रिक्सा, ठेलामा ल्याएको सागसव्जी,फलफुल | ४। |
| २. | एक ढकी फलफूल तथा सागसब्जी | २। |
| ३. | एक घोडा रिक्सा ठेला,पशुगाडामा ल्याएको झिक्रा,गून्द्र,माटोको भांडा | ५। |
| ४. | चमल,चिउरा,मूरी,धान,दलहन, गेडागुडी १ मन सम्म | २। |
| ५. | चमल,चिउरा,मूरी,धान,दलहन, गेडागुडी १ मन देखि ५ मन सम्म | ३। |
| ६. | चमल,चिउरा,मूरी,धान,दलहन, गेडागुडी ५ मन भन्दा माथि | ५। |
| ७. | हांस, कुखुरा, परेवाको चल्ला प्रति गोटा | २। |
| ८. | खसी, बोका, बाखा, सुंगुर, बंगूर बिक्रीमा प्रति गोटा | ५। |
| ९. | खसी, बोका, बाखा, सुंगुर, बंगूर काटी बेच्नेलाई प्रति गोटा | ५। |
| १०. | एक ढाकि वा हण्डीमा ल्याउने माछालाई प्रति ढकी वा हण्डिलाई | ३। |
| ११. | एक ढाकि वा हण्डी भन्दा बढि माछा ल्याउनेलाई | ४। |
| १२. | तेलको रोटी,पकौडा ,सिंगडा, बदाम ,पान, सर्वत,आइसक्रिम,खेलौना तथा दहीविक्री गर्नेलाई | २। |
| १३. | घिउ,मह,मिठाई,ढाकी,पानको पत्ता, फलामे औजार तथा अरु यस्तो विक्री | ४। |
| १४. | चार चक्के सवारी साधनमा विभिन्न सामानको विक्रीमा | १५। |
| १५. | मनिहारी किराना तथा तयारी लूगा कपडा बिक्री गर्ने | १०। |
| १६. | बजारमा अस्थायी घुम्ती, रिक्शा, ठेला,रिक्सा, भ्यान आदिमा खाद्यपदार्थ, फलफूल तथा अन्य सामाग्री विक्री गर्ने | १०। |
| | माथि उल्लेख नभएका सामानको विक्रीमा | १०। |

# अनुसूची ८

ऐनको दफा (९) संग सम्बन्धित

जडिबुटी,कवाडी र मृत जिवजन्तु करका दर

ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल, जीबितजन्तु बाहेकका अन्य मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला, जस्ता बस्तुको व्यवसायिक कारोवार बापत जडीबुटी, कवाडी र जीबजन्तु कर लाग्नेछ । उल्लिखित मालसामानका हकमा निम्न बमोजिम हुनेसाथै संकलन गर्ने कार्यबिधि विराटनगर महानगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

क) कागजजन्य सामानका लागि प्रति किलोग्राम रु एक,
ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु दुई,
ग) स्टिलजन्य सामानका लागि प्रतिकिलोग्राम रु दुइ र
घ) अन्यका हकमा प्रतिकिलोग्राम रु दुई

# अनुसूची ९

ऐनको दफा(१०) संग सम्वन्धित

चलचीत्र भवनहरुलाई चलचित्र प्रदर्शन गरे वापत प्रति चलचित्र प्रदर्शन गरेवापत प्रति चलचित्र प्रदर्शन स्थल (प्रति चलचित्र पर्दा) वापत वार्षिक निम्ननूसार मनोरन्जन कर र व्यवसाय कर असूल उपर गरिनेछ ।

५० सिट क्षमता भएको अधिकतम रु.५००००।

१०० सिट क्षमता भएको अधिकतम रु.७००००।

१०० सिट भन्दा बढी क्षमता भएको अधिकतमरु.१०००००।

# अनुसूची १०

ऐनको दफा (११) संग सम्बन्धित

परामर्शदाताले पेश गरेको प्रस्तावित मासिक ढल निकास महशुल दर (sewerage Tariff Structure) उपर नगर विकास कोषबाट गरिएको वित्तीय मूल्याङ्गनको सुझाव एवं यस नगर क्षेत्रभित्रका परियोजनाबाट लाभान्वित उपभोक्ताहरुसंग भएको छलफल तथा नगर स्तरीय राजस्व परामर्श समितिको सिफारिसका आधारमा आ.व.७४/०७५ मा पारित दरलाई आ.व.७५/०७६ मा निरन्तरता दिने निर्णय गरियो ।

| **Sewer Rates -4 Inches Size.** | **Monthly Rate** |
| --- | --- |
| • Total floor Area upto 1000 Sq ft | Rs.100.00 |
| • Total floor Area 1001 to 1500 Sq ft | Rs.150.00 |
| • Total floor Area 1501 to 2500 Sq ft | Rs.2 50.00 |
| • Total floor Area 2501 to 4000 Sq ft | Rs.500.00 |
| • Total floor Area mre then 4000 Sq ft ) | Rs. 700.00 |
| • Sewer connection charge (per connection) | Rs.3000.00 |
| **Sewer Rates -6 Inches Size.** | |
| • Total floor Area upto 2500 Sq ft | Rs.400.00 |
| • Total floor Area 2501 to 4000 Sq ft | Rs.700.00 |
| • Total floor Area more then 4000 Sq ft | Rs.800.00 |
| • Sewer connection charge (per connection) | Rs.5000.00 |

- Note: Any customer applying for a sewer connection shall also connect the storm drain connection to strome drain at no addition cost.

उपरोक्त राजस्वका दररेटहरुको वर्गिकरणलाई निम्नबमोजिको आधारमा क्षेत्र विभाजन गरिएको छ ।

- पुर्वमा हाटखोला, पश्चिममा श्रीराम मार्ग-कान्छामार्गसंग जोडिएको दांया वांयाको पसल, उत्तरमा वरगाछी-पानीटंकी सडकमा जोडिएका ब्यवसाय र दक्षिणमा रोडशेष भित्र रहेका ब्यवसायलाई ठुलो, मझौला ब्यवसायको दररेट बमोजिम ब्यवसायकर असुल गर्ने । सो क्षेत्र देखि बाहेकका अन्य क्षेत्रमा अवस्थीत व्यवसायहरुलाई साना व्यवसायको दररेट बमोजिम राजस्व असुली गर्ने ।
- थोक तथा सप्लायर्स ब्यवसायलाई ठुलो, मझौला ब्यवसायको दररेट अनुसार ब्यवसाय दररेट असुल गर्ने ।
- विदेशी नागरिकका हकमा विदेश नागरिक खुल्ने प्रमाणको आधारमा संचालन गर्ने ब्यवसाय दरमा शत प्रतिशत थप रकम लिएर ब्यवसाय दर्ता गर्ने ।
- पुरानो दीर्घरोगी, क्यान्सर, मृगौला तथा मुटुरोगी आदि जस्ता रोगीलाई उपचार तथा सहयोगका लागि सिफारिस निशुल्क गर्ने ।
- कुनैपनि व्यवसाय महानगरपालिकामा दर्ता नभई सम्बन्धित अन्य निकायमा दर्ता भई संचालनमा रहेका महानगरपालिकामा दर्ता हुन आउने व्यवसायहरुलाई विगत २ (दुई) वर्षको बक्यौता व्यवसाय कर असुली गरी व्यवसाय दर्ता गर्ने ।

आज्ञाले,

कुमारप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत